# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको
# विक्रम सम्वत् २०७५ साल पौष २५ गते बुधबार
# कुण्डलिनी दरबार ब्यान्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न भएको
# तेस्रो वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

**१ पृष्ठभूमी :**

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको तेस्रो वार्षिक साधारण सभा मिति २०७५ साल पौष २५ गते तदनुसार ९ जनवरी, २०१९ मा कुण्डलिनी दरबार ब्यान्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न भएको थियो । कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू तथा कम्पनीका पदाधिकारीहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई तेस्रो वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्नु भएको थियो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । अध्यक्षज्यूको अनुमति पश्चात सभा सञ्चालन भएको थियो । साधारण सभामा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन तथा कम्पनी व्यवस्थापनबाट यस कम्पनीद्वारा निर्माणाधिन ताप्लेजुङ्ग जिल्ला स्थित मध्य तमोर जलविद्युत आयोजना निर्माणका सम्बन्धमा हाल सम्म भएका प्रगतिका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गरिएको थियो र सो पश्चात् साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा विहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:०० बजे सभा समापन भएको थियो ।

**(क) <u>सभाको सूचना तथा प्रकाशन</u> :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७५ साल पौष ०१ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस तेस्रो वार्षिक साधारण सभाका लागि २०७५ साल पौष ३ र ४ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । नियमानुसार शेयरधनीहरूलाई सुचना गर्नुका साथै, कम्पनीको आ. व. २०७४/७५ को वार्षिक आर्थिक विवरण, लेखापरिक्षण प्रतिवेदन तथा सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपलब्ध गराईएको थियो ।

**(ख) <u>उपस्थिति</u> :**

**(अ) सञ्चालकहरू :**

| | |
|---|---|
| १. श्री विनय कुमार श्रेष्ठ | सञ्चालक/अध्यक्ष |
| २. डा. श्री सुवर्णदास श्रेष्ठ | सञ्चालक-सदस्य |
| ३. डा. श्री विश्वनाथ पौडेल | सञ्चालक-सदस्य |
| ४. श्री अपार न्यौपाने | सञ्चालक-सदस्य |

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

(आ) **पदाधिकारीहरू :**

| | |
|---|---|
| १. डा. श्री जुगल भूर्तेल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री जयन्तकुमार रेग्मी | कम्पनी सचिव |
| ३. श्रीमती सुनीता के.सी. | लेखा तथा वित्त प्रमुख |

(इ) **शेयरधनीहरू :**

| | |
|---|---|
| १. स्वयम उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - ५६ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - २७ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ८३ जना |

२. **सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू :**

१. तेस्रो वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७४/७५ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. आ.व. २०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. विविध ।

३. **गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | बाँडफाँड भएको कुलशेयर र शेयरधनी संख्या | स्वंम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | २,१०,००,००० | १,१६,४०,४०० | १९,२०,००० | १,३५,६०,४०० | ६४.५७ |
| शेयरधनी संख्या | १८२ | ५६ | २७ | ८३ | ४५.६० |

४. **सभाको वैधानिकता :**

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीहरू स्वंयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको तेस्रो वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वंयम तथा

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ८३ भएको र कुल बाँडफाँड भएको ६४.५७ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनीको नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूले गर्नु भयो र अध्यक्षज्यूको अनुमतिबाट कम्पनी सचिवले सभालाई सञ्चालन गर्नु भयो ।

५. <u>सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल</u> :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि सञ्चालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरीयो । तत् पश्चात अध्यक्षज्यूले आफ्नो मन्तव्य र सञ्चालक समितिको तर्फबाट आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । साथै शेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी व्यवस्थापनको तर्फबाट यस कम्पनीद्वारा निर्माणाधिन मध्य तमोर जलविद्युत आयोजना (७३ मे.वा.) को हालको निर्माण प्रगति तथा वस्तुस्थिति पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुत गरियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७५ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को वार्षिक नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न शेयरधनीहरूलाई अनुरोध गरीएको थियो ।

छलफलका क्रममा कम्पनीका शेयरधनीहरू श्री विश्वम्भर घिमिरेज्यू, श्री कूल आचार्यज्यू, डा. श्री स्वर्णिम वाग्लेज्यू र श्री मदनकृष्ण श्रेष्ठलेज्यू आ-आफ्नो राय, सुझाव तथा प्रतिक्रियाहरू सहितको मन्तव्य व्यक्त गर्नु भएको थियो ।

शेयरधनी महानुभावहरूले मन्तब्यका क्रममा उठाउनु भएको प्रश्न तथा जिज्ञासाहरूका सम्बन्धमा कम्पनीका अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूको आज्ञा अनुसार प्रमुख कार्यकारी अधिकृत डा. श्री जुगल भूर्तेलज्यूले सम्बन्धित विषयहरूमा प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

६. **सभाको निर्णयहरू :**

निर्णयार्थ तेस्रो वार्षिक साधारण सभा समक्ष पेश भएका प्रस्तावहरू सभाको सर्वसम्मतिले निम्न बमोजिम पारित गऱ्यो :

**१. तेस्रो वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक** प्रतिवेदन **पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री विनयकुमार श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका प्रश्न तथा जिज्ञासामा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन **पारित** गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरीयो ।

Sanima Middle Tamor Hydropower Limited
SMTHPL
Kathmandu

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल आषाढ मसान्त सम्मको वासलात, आ.व. २०७४/७५ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको **२०७५** साल आषाढ मसान्तको वासलात तथा **सोही** मितिमा समाप्त भएको आ.व. २०७४/०७५ **को** वार्षिक नाफा **नोक्सान** हिसाव र सोही अवधिको नगद प्रवाह **विवरण,** तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरू सर्वसम्मतीले पारित गरीयो ।

३. **आ.व. २०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको सञ्चालक समितिको सिफारिस बमोजिम आ.व. २०७५/०७६ का लागि कम्पनीको हिसाव किताव लेखापरीक्षण गर्न लेखापरिक्षक संस्था **जे.वि.आर.एच. एण्ड कम्पनी, चार्टड एकाउण्टेन्ट्स**लाई नियुक्त गर्ने र लेखापरीक्षण शुल्क बापत मूल्य अभिवृद्धि कर बाहेक रू. ६०,०००/-(अक्षरेपी साठ्ठी हजार मात्र) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरीयो ।

४. **विविध ।**

**विविध** विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन ।

<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन :</u>

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबै निकायलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस तेस्रो वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

Sanima Middle Tamor Hydropower Limited SMTHPL Kathmandu

जयन्तकुमार रेग्मी
कम्पनी सचिव

विनयकुमार श्रेष्ठ
अध्यक्ष